**सन्दर्भ सामग्री**

HMG/ADB/FINNIDA. 1989. *Master Plan of Forestry Sector*, Nepal.

Hobley, Mary. 1996. Participatory Forestry. The Process of Change in India & Nepal. Rural Development Forestry, Rural Development Forestry Network, London: Overseas Development Institute.

शाही घोषणा. २००६ गोरखापत्र दैनिक, अप्रिल २५, काठमाडौं ।

प्रतिनीधिसभा घोषणा, २००६ गोरखापत्र दैनिक, मई ५, काठमाडौं ।

ट्रान्सपरेन्सी इन्टरनेसनल. २००६. अन्नपूर्ण पोष्ट, नोभेम्बर ७, काठमाडौं ।

(लेखक प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विज्ञ हुनुहुन्छ ।)

# अनुरोध लोकतन्त्रलाई

✍ **दशरथ तिवारी**

हे लोक्तन्त्र तिमी नजाउन कतै नेपाल छोडी अब
तिम्रै कारणले बढ्यो जगतमै नेपालिको गौरव
पैलो पल्ट तिमी उपस्थित थियौ सात् सालको अन्त्यमा
सत्रै सालमहाँ चुडेर लगियो एक्कासि दश् वर्षमा ॥१॥

छत्तीस् सालमहाँ तिमी अलिकती थाल्यौ अरे झुल्किन
गर्भैभित्र रह्यौ अरे तिमि अहो, सक्तैनथ्यौ निस्किन
नाना रोग बटूलि ल्याई तिमीमा छर्थे अरे धूर्तले
आखिर फेरी तिमी छयालिसमहाँ निस्क्यौ बडो यत्नले ॥२॥

उनन्साठीमहाँ यहाँ प्रलय भो तिम्रा मुना तोडिए
तिम्रै खोजि गरी सबै जनहरु संघर्षमा मोडिए
तिम्रा भक्तहरु जुटे मिलिजुली वैसठ्ठी त्रीसट्ठिमा
ल्याए खोजि गरी तिमीकल यहाँ नेपालिका माझमा ॥३॥

लागेका कति शत्रु छन् अझ यहाँ तिम्रा जरा काट्दिन
तिम्रा भक्त फुटेभने पनि अझै सक्छन् उखेली-दिन
आफ्ना भक्त समालिराख तिमिले एकत्र पारी बस
शान्ती देउ स्वदेशमा अब तिमी बन्दै सदा रक्षक ॥४॥

(तिवारी सुन्दरी सा.व. उपभोक्ता समूहका उपभोक्ता हुनुहुन्छ ।)